# कर फिर्ता सम्बन्धी जानकारीमूलक पुस्तिका

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
लाजिम्पाट काठमान्डौ

२०७७ भाद्र

## कर फिर्ता

कर तिर्नु करदाताको कर्तव्य र दायित्व हो भने आफुले वढि तिरको कर समयमा झन्झटरहित तरिकाले फिर्ता पाउनु अधिकार समेत हो। कर फिर्ता माग गर्दा करदाताले ऐनले तोकेको समयमा भित्र नै माग गर्नुपर्छ। कार्यालयले माग गरेका कागजात समयमानै पेश गर्नुपर्छ। यसवाट कर प्रशासनलाई कार्यसम्पादन गर्न सहज हुनाको साथै सेवा प्रवाहमा सरलता र सिघ्रता कायम हुन जान्छ। करदाताले माग गरेको कर फिर्ताको छानविन गरी समयमानै निर्णय गर्नु कर प्रशासनको कर्तव्य र दायित्व दुवै हो। जस्ले गर्दा करदातामा कर प्रशासन प्रतिको धारणामा सकरात्मक धारणा वृद्धि हुन जाने विश्वास गर्न सकिन्छ ।

करदाताले तिर्नुपर्ने भन्दा वढि तिरेको कर परीक्षण गरी फिर्ता गर्ने कार्यलाई कर फिर्ता भनिन्छ । कर फिर्ता कर कानूनको सुन्दर पक्ष हो। कर फिर्ताको सुविधा पाउने निकाय संघसंस्था व्यक्ति वा करादाताले नगदनै फिर्ता पाउँछन । कर कानून वमोजिम कर फिर्ता पाउनेले तोकिएको प्रक्रिया वमोजिम आन्तरिक राजस्व विभाग वा सम्वन्धिक आन्तरिक राजस्व कार्यालयमा निवेदन दिनुपर्छ । विभाग वा कार्यालयले फिर्ता माग गरेको निवेदन उपर छानविन गरी फिर्ता गर्नुपर्ने देखिएको रकम फिर्ता गर्नुपर्छ।

नेपालमा कर फिर्ता सम्वन्धमा विभिन्न कानूनी व्यवस्थाहरु रहेका छन। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २४ र २५ तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९ को उपनियम ४ ५ ले मूल्य अभिवृद्धि कर फिर्ता सम्वन्धि व्यवस्था गरेको छ। त्यस्तै आयकर ऐन, २०५८ को दफा ११३ तथा आयकर नियमावली, २०५९ को नियम ३६ ले आयकर फिर्ता सम्वन्धी व्यवस्था गरेको छ । अन्तःशुल्क ऐन, २०५८ को दफा ३ख को उपदफा ५ तथा अन्तःशुल्क नियमावली, २०५९ ले अन्तःशुल्क फिर्ता सम्वन्धी व्यवस्था गरेको छ। यस पुस्तिकामा मूल्य अभिवृद्धि कर फिर्ता, आयकर फिर्ता र अन्तःशुल्क फिर्ताको वारेमा चर्चा गरिएको छ।

## १. मूल्य अभिवृद्धि कर फिर्ता

मूल्य अभिवृद्धि कर सवैभन्दा नविन र आधुनिक प्रकारको वस्तु तथा सेवामा आधारित कर हो। यो विक्रि करको परिष्कृत र परिमार्जित रुप हो । यो कर वस्तु तथा सेवाको उत्पादन देखि विक्रि वितरणसम्मको हरेक तहको मूल्य वृद्धिमा लाग्छ । उद्योग, व्यापार तथा व्यवसायमा लाग्ने अप्रत्यक्ष कर हो। यो करलाई समसामयीक, वैज्ञानिक तथा पारदर्शी करको रुपमा लिईएको छ। मुल्य अभिवृद्धि कर प्रणालिमा मिलान हुन नसकेको क्रेडिट कर फिर्ता पाउने र अन्य कर फिर्ता पाउने देहाय वमोजिमका अवस्थाहरु रहेका छन ।

### १.१ नियमित निकासीकर्ताको लागि मूल्य अभिवृद्धि कर फिर्ता

कुल कारोवारको चालिस प्रतिशत भन्दा वढि निकासी गर्ने करदाताले नियमित निकासीकर्ताको हैसियतमा मूल्य अभिवृद्धि कर फिर्ता पाउँछन। नियमित निकासीकर्तालाई निकासी गरेको अनुपातमा खरिदमा तिरेको मूल्य अभिवृद्धि कर फिर्ता गर्नुपर्दछ। करदताले मूल्य अभिवृद्धि कर फिर्ता माग गर्दा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची १० वाट कर फिर्ताको लागि करदाताले माग गर्नुपर्दछ। निकासीका कागजपत्रहरु, खरिद विजकहरु, भुक्तानी प्राप्त भएको प्रमाणहरु, मौज्दातमा रहेको वस्तुको विवरण लगायतका कागजपत्रहरुको साथ आन्तरिक राजस्व कार्यालयमा निवेदन दिनुपर्छ । आन्तरिक राजस्व कार्यालयले परीक्षण गरी फिर्ता गर्नुपर्ने ठहरेको रकम तीस दिनभित्र फिर्ता गर्नुपर्छ।

### १.२ लगातार चार महिनासम्म क्रेडिटमा रहेको मूल्य अभिवृद्धि कर फिर्ता

करदाताले खरिदमा तिरेको मूल्य अभिवृद्धि कर लगातार चार महिनासम्म पनि मिलान हुन नसकेमा करदाताले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २४ को उपदफा ३ वमोजिम कर फिर्ता माग गर्न पाउँछन । करदताले मूल्य अभिवृद्धि कर फिर्ता माग गर्दा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची १० मा विवरण भरी माग गर्नुपर्दछ। यसरी माग गर्दा लगातार रहेको क्रेडिट प्रमाणित गर्ने खरिद वीजकहरु, विक्री वीजकहरु खरिद विक्री खाता लगायतका कागजातहरुको साथ आन्तरिक राजस्व कार्यालयमा निवेदन दिनुपर्छ। फिर्ता दावी गरीसके पछि सो दावी गरेको रकम अर्को महिनामा उठाएको करमा मिलान गर्न पाईदैन। आन्तरिक राजस्व कार्यालयले परीक्षण गरी फिर्ता गर्नुपर्ने ठहरेको रकम साठी दिनभित्र फिर्ता गर्नुपर्छ।

### १.३ ठेक्का वा करारमा बढी भुक्तानी भई बाँकी रहेको (Unused Amount) मूल्य अभिवृद्धि कर फिर्ता

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २५ग१ मा ठेक्का वा करारमा वढी भुक्तानी भई वाँकी देखिएको कर फिर्ता माग गर्ने प्रावधान रहेको छ। सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुन बमोजिमको सार्वजनिक निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको सङ्घ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति भएको वस्तु वा सेवा वा वस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजको नामबाट दाखिला भएको कर बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ताले बुझाउनु पर्ने करमा मिलान गर्न पाउछ। यसरी मिलान गर्दा चार महिनासम्म मिलान हुन नसकेको मूल्य अभिवृद्धि कर सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ताले फिर्ता लिन चाहेमा कर अधिकृत समक्ष निवेदन दिन सक्छन। करदताले मूल्य अभिवृद्धि कर फिर्ता माग गर्दा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची १० मा विवरण भरी कर फिर्ताको महलमा लगातार चार महिनासम्म मिलान नभएको वढि दाखिला रकम मात्र फिर्ता माग गर्नुपर्दछ। यसरी माग गर्दा लगातार चार महिना मिलान नभएको वढि दाखिला रकमको विवरण, खरिद वीजकहरु, विक्री वीजकहरु, ठेक्का वा करार सम्झौताको प्रतिलिपि, लागत अनुमान, कर फिर्ता दावी गरेको मूल्य अभिवृद्धि कर दाखिला गरेको भौचरहरु वा मूल्य अभिवृद्धि कर दाखिला गर्ने निकायको पत्र लगायतका कागजातहरुको साथ आन्तरिक राजस्व कार्यालयमा निवेदन दिनुपर्छ। आन्तरिक राजस्व कार्यालयले परीक्षण गरी फिर्ता गर्नुपर्ने ठहरेको रकम साठी दिनभित्र फिर्ता गर्नुपर्छ।

## १.४ औषधि उद्योगले खरिदमा तिरेको मू.अ.कर फिर्ता

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २५ग२ मा औषधि उद्योगले औषधि उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र प्याकिङ्ग मेटेरियल स्वदेशी उद्योगबाट खरिद गरेमा उक्त खरिदमा तिरेको मूल्य अभिवृद्धि कर चौमासिक रुपमा फिर्ता पाउन कर अधिकृत समक्ष निवेदन दिन सक्ने व्यवस्था छ। करदाताले कर फिर्ता माग गर्दा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसुची १८क वमोजिमको विवरण भरी कर फिर्ता माग गर्न आन्तरिक राजस्व कार्यालयमा निवेदन पेश गर्नुपर्छ । यसरी कर फिर्ता माग गर्दा स्वदेशी उद्योगबाट खरिद गरेका उत्पादनमा पुर्ण रुपमा प्रयोग भैसकेका कच्चा पदार्थ/सहायक कच्चा पदार्थ र प्याकिङ्ग मेटेरियलका विजकहरु, कर फिर्ता अवधिको उत्पादन हिसाव तथा विक्रि विवरण लगायतका कागजातहरु पेश गर्नुपर्छ। आन्तरिक राजस्व कार्यालयले परीक्षण गरी फिर्ता गर्नुपर्ने ठहरेको रकम तिस दिनभित्र फिर्ता गर्नुपर्छ।

## १.५ कुटनीतिज्ञहरुलाई दिइने मू.अ.कर फिर्ता

नेपाल सरकार परराष्ट्र मन्त्रालयले कुटनीतिक मान्यता प्रदान गरेको नेपालको कुटनीतिज्ञलाई विदेशि राष्ट्रले पारस्पारिकताको आधारमा वा क्षेत्रीय वा अन्तर्राष्ट्रिय नियोग वा संस्थामा कार्यरत कुटनीतिक सुविधा प्राप्त व्यक्तिलाई कर छुटको सुविधा प्रदान गरेको रहेछ भने नेपालस्थित त्यस्तो राष्ट्र, क्षेत्रीय वा अन्तर्राष्ट्र्य नियोग वा संस्थाको कुटनीतिज्ञले आँफुले उपभोग गरेको हदसम्म नेपालभित्र तिरेको कर रकम तिन वर्षभित्र फिर्ता पाउन दरखास्त परेमा छानविन गरी फिर्ता दिनुपर्छ ।यस किसिमको कुटनीतिज्ञले कर फिर्ता माग गर्दा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसुची १७ वमोजिमको विवरण भरी आन्तरिक राजस्व विभागमा निवेदन दिनुपर्छ। निवेदनसाथ नेपाल सरकार, परराष्ट्र मन्त्रालयवाट जारी भएको अवधि भएको(Valid) कुटनीतिक परीचयपत्र, सम्वन्धित कुटनीतिक नियोगको सिफारिस, नेपाल सरकार, परराष्ट्र मन्त्रालयवाट भेरीफाई भएका कर विजकहरु लगायतका कागजातहरु आन्तरिक राजस्व विभागमा पेश गर्नुपर्छ।

## १.६ कुटनीतिक नियोगहरुलाई दिइने मू.अ.कर फिर्ता

संयुक्त राष्ट्रसंघ, यसका सदस्य संस्था तथा विशिष्टीकृत एजेन्सीले आफ्नो उद्देस्य अनुरुप कार्य सञ्चालन गर्ने शिलशिलामा नेपालभित्र कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा तिरेको कर रकम तीन वर्षभित्र फिर्ता पाउन दरखास्त गरेमा छानविन गरी फिर्ता दिनुपर्छ। यस किसिमको नियोगहरुले कर फिर्ता माग गर्दा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसुची १७क वमोजिमको विवरण भरी आन्तरिक राजस्व विभागमा निवेदन दिनुपर्छ । निवेदनसाथ सम्वन्धित कुटनीतिक नियोगको सिफारिस, नेपाल सरकार, परराष्ट्र मन्त्रालयवाट भेरीफाई भएका कर विजकहरु लगायतका कागजातहरु आन्तरिक राजस्व विभागमा पेश गर्नुपर्छ ।

## १.७ नेपाल सरकारवाट कर छुटको सुविधा प्रदान गरेको अन्तर्राष्ट्रिय संस्थालाई दिइने मू.अ.कर कर फिर्ता

नेपाल सरकार अर्थ मन्त्रालयले कर छुटको सुविधा प्रदान गरेको अन्तर्राष्ट्रिय संस्था (जस्तै युएनडिपी, युनिसेफ लगायत) ले तिरेको करको रकम तिन वर्षभित्र फिर्ता पाउन दरखास्त गरेमा छानविन गरी फिर्ता दिनुपर्छ। यस किसिमको संस्थाहरुले कर फिर्ता माग गर्दा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसुची १८ वमोजिमको विवरण भर्नुपर्छ । निवेदनसाथ सम्वन्धित संस्था र नेपाल सरकार अर्थ मन्त्रालयविच भएको कर छुटको सम्झौता, खरिद भएका कर विजकहरु लगायतका कागजातहरु पेश गर्नुपर्छ ।

## १.८ विदेशी संघ/संस्था र द्धिपक्षीय सम्झौता वमोजिम सञ्चालित आयोजनाहरुले पाउने मू.अ.कर फिर्ता

संयुक्त राष्ट्रसंघीय संस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु र अन्य विदेशी संघसंस्थाले नेपाल सरकारसँग मुल्य अभिवृद्धि कर छुट पाउने सर्तमा सम्झौता गरी कुनै आयोजना परियोजना सञ्चालन गरेमा खरिदमा तिरेको मूल्य अभिवृद्धि कर फिर्ता माग गर्न सक्नेछन । नेपालभित्र आयोजना सञ्चालन गर्ने शिलशिलामा तिरेको करको रकम तिन वर्षभित्र फिर्ता पाउन दरखास्त गरेमा छानविन गरी फिर्ता दिनुपर्छ।यस्ता आयोजनाहरु सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा दर्ता गरी सञ्चालन गर्नुपर्छ । दर्ता भएको कार्यालयमा कर फिर्ता माग गर्नुपर्छ। यस किसिमको आयोजनाहरुले कर फिर्ता माग गर्दा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसुची १८ वमोजिमको विवरण भरि गर्नुपर्छ । कर फिर्ताको निवेदनसाथ सम्वन्धित संस्था र नेपाल सरकार अर्थ मन्त्रालयविच भएको कर छुटको सम्झौता/सम्वन्धित परियोजना र नेपाल सरकार अर्थ मन्त्रालयविच भएको कर छुटको सम्झौता र खरिद भएका कर विजकहरु लगायतका कागजातहरु आन्तरिक राजस्व कार्यालयमा पेश गर्नुपर्छ।

## १.९ भुलवश असुल गरिएको मू.अ.कर फिर्ता

भुलवस असुल गरिएको कर भन्नले भन्सारले कर नलाग्ने अवस्थामा असुल गरेको, करदाताले कर तिर्नु नपर्ने अवस्थामा कर तिरेको, गणितिय त्रुटिले वढी दाखिला हुन गएको तथा तिर्नु नपर्ने अवस्थामा पनि सरकारी निकायवाट कर असुल भएको करलाई जनाउँछ । यस किसिमको कर फिर्ताको सम्वन्धमा कुटनीतिक नियोग र अन्तर्राष्ट्रिय संघ/संस्थाको सम्वन्धमा सिधै आन्तरिक राजस्व विभागवाट र अरुको सम्वन्धमा आन्तरिक राजस्व कार्यालयवाट कर फिर्ता हुन्छ ।यस्तो किसिमको कर फिर्ता गर्दा करको वास्तविक भार वहन गर्ने व्यक्तिलाई मात्र फिर्ता गरिन्छ।

## १.१० विदेशी पर्यटकले खरिदमा तिरेको मू.अ.कर फिर्ता

नेपाल भ्रमण गरी हवाईमार्गवाट फर्कने विदेशी पर्यटकले पच्चीसहजार रुपैयाभन्दा वढीको कर लाग्ने वस्तु खरिद गरी आँफुसँग लगेमा त्यस्तो खरिदमा तिरेको कर सिधै एयरपोर्टमा खरिद विजक र भिषा पेश गरेमा फिर्ता पाउँछ।यसरी फिर्ता पाउने रकमको सेवा शुल्क वापत तीन प्रतिशत कट्टा गरिन्छ।

## १.११ रिफण्ड सपबाट भएको खरिदको मू.अ.कर फिर्ता

कुटनीतिक नियोग तथा कुटनीतिज्ञले कर फिर्ता प्रयोजनको लागि रिफण्ड सपको रुपमा आन्तरिक राजस्व विभागमा सूचीकृत भएका फर्म तथा कम्पनीवाट गरिएको वस्तु तथा सेवामा तिरेको कर फिर्ता माग गरेमा तीन दिनभित्र फिर्ता गर्नुपर्छ। रिफण्ड सपवाट भएको खरिदको कर फिर्ता माग गर्दा कुटनीतिज्ञले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसुची १७ वमोजिमको विवरण भर्नुपर्छ भने कुटनीतिक नियोगले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसुची १७क वमोजिमको विवरण भर्नुपर्छ। यसरी कर फिर्ता माग गर्दा नेपाल सरकार परराष्ट्र मन्त्रालयको सिफारिस, कर फिर्ता माग गरिएका सक्कल विजकहरु लगायत आन्तरिक राजस्व विभागमा पेश गर्नुपर्छ ।

## २. आयकर फिर्ता

आयकर फिर्ता सम्वन्धी व्यवस्था आयकर ऐन, २०५८ को दफा ११३ तथा आयकर नियमावली, २०५९ को नियम ३६ ले गरेको छ। करदाताले वढी दाखिला भएको आयकर कानून वमोजिम फिर्ता माग गर्न सक्छन। करदताले किस्तावन्दीमा वुझाएको कर आय विवरण अनुसार वुझाउनुपर्ने कर भन्दा वढि भएमा, संशोधित कर निर्धारण भएर कायम भएको कर प्रशासकिय पुनरावलोकन, राजस्व न्याधिकरण  अदालतको आदेशले वदर भएमा, संसय कर निर्धारण भै दाखिला भएको कर आय विवरण अनुसार दाखिला गर्नुपर्ने करमा मिलान गरेर बाँकि भएमा आयकर फिर्ता माग गर्नुपर्ने अवस्था आउँछ । यस्तो अवस्थामा करदाताले आयकर ऐन वमोजिम कर फिर्ता माग गर्न निवेदन दिन सक्छ। यसरी निवेदन दिदा करदाताले वढि तिरेको कर फिर्ताको लागि वढि रकम दाखिला भएको कारण उत्पत्ति भएको आय वर्ष समाप्त भएको मिति, वढि रकम दाखिला भएको मिति, राजस्व न्याधिकरण वा अदालतवाट मुद्धा फैसला भएको मिति मध्ये पछिको मितिवाट दुई वर्षभित्र निवेदन दिइसक्नुपर्छ। कर फिर्ता माग गर्दा करदाताले निवेदनसाथ वढि दाखिला भएको आयकरको विवरण, आयकर दाखिला भौचरहरु, अन्य निकायले अग्रिम कर कट्टी गरिदिएको भए सो को प्रमाण लागायतका कागजातहरु दर्ता भएको आन्तरिक राजस्व कार्यालयमा पेश गर्नुपर्छ। कार्यालयले छानविन गरी फिर्ता दिनुपर्ने ठहरेको आयकर करदाताले निवेदन दिएको साठी दिनभित्र फिर्ता दिनुपर्छ।

## ३. अन्तःशुल्क फिर्ता

अन्तःशुल्क फिर्ता सम्वन्धी ब्यवस्था अन्तःशुल्क ऐन, २०५८ को दफा ३ख को उपदफा ५ मा गरिएको छ। अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गरी विदेश निकासी गर्ने उद्योगले उत्पादन गर्दा प्रयोग गरेको कच्चा पदार्थ खरिद वा पैठारी गर्दा तिरेको अन्तःशुल्क उत्पादित वस्तु उद्योगवाट निष्काशन गर्दा तिर्नुपर्ने अन्तःशुल्कमा कट्टी गर्न पाउँछ। यसरी कट्टि गर्दा मिलान हुन नसकेको अन्तःशुल्क रकम फिर्ता पाउन दर्ता भएको आन्तरिक राजस्व कार्यालयमा अन्तःशुल्क अधिकृत समक्ष फिर्ता दावी गर्न सक्नेछ। उद्योगले अन्तःशुल्क फिर्ता दाबी गर्नको लागि सूर्तीजन्य र मदिराजन्य पदार्थ तथा पानमसलाको निकासीमा कम्तिमा पन्ध्र प्रतिशत मूल्य वृद्धि भएको हुनपर्छ। यसरी अन्तःशुल्क फिर्ता दाबी गर्दा कच्चा पदार्थ खरिद र पैठारी सम्वन्धी विवरण, कच्चा पदार्थ खपतको विवरण, सहायक कच्चा पदार्थ खपतको विवरण, परिवेष्टन सामग्री (Packing Materials) खपतको विवरण, उत्पादन लागत तथा मूल्य अभिवृद्धि सम्वन्धी विवरण, तयारी वस्तु

विक्रिको विवरण, निकासी सम्वन्धी विवरण (निकासी प्रमाणित हुने कागजातहरु, भुक्तानी प्राप्ति सम्बन्धी विवरण) लगायतका विवरणहरु पेश गर्नु पर्छ। उद्योगले अन्तःशुल्क फिर्ता दाबी गर्दा विवरण वुझाउनुपर्ने अवधि समाप्त भएको मितिले एक वर्षभित्र फिर्ताको लागि दाबी नगरेमा र निकासीमा पन्ध्र प्रतिशत मूल्यवृद्धि नभएको अवस्थामा अन्तःशुल्क फिर्ता हुने छैन । उद्योगले अन्तःशुल्क फिर्ता दाबी गरेको रकम अन्तःशुल्क अधिकृतले छानबिन तथा परीक्षण गर्दा त्यस्तो दावि मनासिव देखिएमा फिर्ताको लागि दाबी गरेको साठी दिनभित्र फिर्ता दिनुपर्छ। फिर्ता नपाउने देखिएमा सम्वन्धीत उद्योगलाई फिर्ता दावी अस्वीकृत भएको जानकारी दिनुपर्छ।

**पुनश्चः यो पुस्तिकामा उल्लेख भएको कुनै विषय प्रचलित कर कानुन तथा निर्देशिकासँग बाझिन गएमा प्रचलित कर कानुन तथा निर्देशिका बमोजिम नै हुनेछ ।**